राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिका, चैनपुर, मकवानपुर
बैठक संख्या: ७५

मितिः २०७८/१२/१९ गते शनिबार

**निर्णय नं.१:**

यस अघि भए गरेका निर्णयहरुको समिक्षा गरि कार्यान्वयन हुन बाँकि निर्णयहरुलाई यथाशिघ्र कार्यान्वयन गर्ने।

**निर्णय नं.२:**

सरकारी एवं सार्वजनिक प्रकुतिका जग्गाहरुको विना इजाजत प्लटिङ गर्ने, नयाँ नक्शाङ्कनमा घुसाउने, दर्ता गर्ने नक्शामा ओभरल्यापिंङ गर्ने, अनाधिकृत जग्गा हडप्ने जस्ता कानून विपरित सरकारी सम्पत्तिको रुपमा रहेको जग्गाहरु हिनामिना समेत कार्यहरु गरेको उजुरीको विषय सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान अयोगको मिति २०७८/१२/०८ च.नं. DIV2–26255 को पत्रबाट प्राप्त आयोगको मिति २०७८/११/२३ को निर्णय यसैसाथ संलग्न रहेको छ, जिल्ला प्रशासन कार्यालय, नापी र मालपोत कार्यालयसंग समन्वय तथा सहकार्य गरी आफ्नो क्षेत्रमा रहेका सरकारी, सार्वजनिक एवं सामुदायिक जग्गाको कित्ता नं., क्षेत्रफल तथा अवस्था समेतको विवरण तयार गरी लगत कायम गर्ने र यस्तो लगत सहितको विवरणलाई आफ्नो वेवसाइटमा समेत प्रकाशन गर्ने एवं उक्त जग्गा जमिनलाई अतिक्रमण तथा हिनामिना हुन नदिने व्यवस्था मिलाउनु हुन भनी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सूचना प्रविधि शाखा, सिंहदरबार, काठमाण्डौको प.सं. ०७८/७९ च.नं. २६५ मिति २०७८/१२/११ को पत्रसाथ अख्तियार दुरुपयोग अनुसन्धान अयोगको निर्णय प्राप्त भएकोले यस गाउँपालिका क्षेत्रभित्र रहेका सरकारी, सार्वजनिक एवं सामुदायिक जग्गाको कित्ता नं., क्षेत्रफल तथा अवस्था समेतको विवरण तयार गर्न जिल्ला प्रशासन कार्यालय, नापी र मालपोत कार्यालयसंग समन्वय तथा सहकार्यका लागि गाउँपालिका अध्यक्ष एवं प्रमुख प्रशासकीय अधिकृत लाई जिम्मेवारी दिने र तत् तत् कार्यमा आवश्यक सहयोग गर्न सामाजिक विकास प्रमुख, लेखा प्रमुख, प्राविधिक प्रमुख, प्रशासन प्रमुख, जिन्सी प्रमुखलाई समेत तोक्ने साथै प्रत्येक वडाहरुमा रहेका त्यस्ता प्रकारका जग्गाहरुको विवरण पठाउन सबै वडाका वडा अध्यक्षहरुलाई जिम्मेवारी दिने।

**निर्णय नं. ३:**

तपसिलमा उल्लेखित करार सेवामा कार्यरत जनशक्तिको करार अवधि २०७९ बैशाख ०१ देखि समाप्त हुने भएकोले निजहरुको करार सेवाको म्याद चालु आर्थिक वर्षको २०७९ असार मसान्तसम्म थप गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

तपसिल:

| सि.नं. | करार कर्मचारीको नाम | पद | तह/श्रेणी | कैफियत |
|---|---|---|---|---|
| १ | श्री मायाँ लामा | हे.अ. | सहायक पाचौं | |
| २ | श्री रिता थिङ | अ.हे.ब. | सहायक चौथो | |
| ३ | श्री मनिषा अधिकारी | अ.हे.ब. | सहायक चौथो | |
| ४ | श्री अमृता प्रजा | अ.न.मी. | सहायक चौथो | |

**निर्णय नं ४**

(क) नेपाल सरकारद्धारा जारी गरिएको बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन २०७२ लाई समेत आधार मानी तयार गरिएको "राक्सिराङ्ग गाउँपालिकाको भवन निर्माण सम्बन्धी मापदण्ड र भवन निर्माण अनुमति तथा नक्सा पास सम्बन्धी कार्यविधि २०७८" तथा "राक्सिराङ्ग गाउँपालिकाको बस्ती विकास र सहरी योजना २०७८" स्वीकृत गर्ने।

ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना कार्यलाई नियमित र व्यवस्थित गरी थप प्रभावकारी रुपमा संचालन गर्न "राक्सिराङ्ग गाउँपालिकाको बाल कोष (स्थापना तथा संचालन) कार्यविधि, २०७८" स्वीकृत गर्ने।

(ग) गाउँपालिकाका विभिन्न विषयगत समितिहरुको कार्य जिम्मेवारी तथा भूमिकाहरुलाई व्यवस्थित गर्नका लागि "राक्सिराङ्ग गाउँपालिकाको विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०७८" लाई स्वीकृत गर्ने।

निर्णय नं ५

क) राक्सिराङ्ग गाउँपालिकाको आ व २०७८।७९ को लागि स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) अन्तर्गतको चेपाङ, चिउरी, चमेरो, मौरी पालन तथा जीवनस्तर सुधार कार्यक्रमलाई व्यवस्थित र पारदर्शी तवरबाट सम्पादन गर्नको लागि मिति २०७८।९।५ गते गाउँपालिका अध्यक्षबाट स्वीकृत गरिएको मापदण्ड "चेपाङ चिउरी चमेरो मौरी पालन तथा जीवनस्तर सुधार कार्यक्रम कार्यान्वयन मापदण्ड २०७८" अनुमोदन गर्ने ।

ख) नदीजन्य पदार्थको संकलन उत्खनन तथा सो बाट प्राप्त हुने राजश्व संकलन कार्यलाई व्यवस्थित गर्न तयार गरिएको "राक्सिराङ्ग गाउँपालिकाको नदीजन्य पदार्थको संकलन, उत्खनन एवम् बिक्री शुल्क उठाउने सम्बन्धि कार्ययोजना २०७८" स्वीकृत गर्ने ।

निर्णय नं ६

(क) नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) अन्तर्गत सुर्यमणि प्राविधिक शिक्षालयद्वारा संचालन हुने प्रोफेशनल कुक तालिममा सहभागी हुने यस गाउँपालिकाका प्रशिक्षार्थीहरुलाई तालिम अवधिभर खान र बस्नको लागि गाउँपालिकाको श्रोतबाट रु.१,००,०००/- सहयोग रकम उपलब्ध गराउने।

(ख) सूर्योदय मा.वि., राक्सिराङ्ग ३ को गेट निर्माण कार्यका लागि गाउँपालिकाको श्रोतबाट व्यहोर्ने गरी रु.२,५०,०००/- रकम भुक्तानीका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं ७

(क) चालु आ.व. को वार्षिक योजना तथा कार्यक्रममा रहेका उल्लेखित योजनाहरुको विवरणका त्रुटीहरु निम्नानुसार संसोधन गर्ने ।

| सि.नं. | हालको योजना | संसोधित योजना | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कर्म छोईलिङ बौध गुम्बा निर्माण, राक्सिराङ्ग १ | टासी छ्योलिङ बौध गुम्बा, राक्सिराङ्ग १ | रु.५००,०००/- | |
| २ | झिल्केनी लिफ्ट सिँचाई, राक्सिराङ्ग १ | झिल्केनी लिफ्ट सिँचाई, राक्सिराङ्ग ३ | रु.२०,००,०००/- | |

(ख) चालु आ.व. २०७८/०७९ को वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतका योजना तथा कार्यक्रमहरुको तोकिएको समयसिमा भित्र सझौता हुन नसकेका योजनाहरुको लागि सम्झौता गर्ने म्याद २०७८ चैत ३० गतेसम्म थप गर्ने र सो योजनाहरुको कार्य सम्पन्न पश्चात भुक्तानी हुने अन्तिम मिति २०७९ जेठ मसान्तसम्म थप गर्ने । तर आकस्मिक रुपमा विभिन्न श्रोतबाट प्राप्त हुने योजना तथा

कार्यक्रमको सम्झौता तथा संचालनको हकमा भने माथि उल्लेखित म्याद लागु नहुने गरी कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

(ग) चालु आ.व. २०७८ मङ्सिर मसान्त सम्म म्याद रहेको दामराङ्ग गैवाङ्ग र घोरकोटे झो.पु. निर्माण योजनाहरुको निर्माण सम्पन्न हुनपर्ने म्याद २०७९ जेठ मसान्तसम्म थप गर्ने।

(घ) गाउँ कार्यपालिकाको ७१ औं बैठकबाट भएको निर्णय बमोजिम प्रजा प्रगति आ.वि. राक्सिराङ्ग २ को लागि विनियोजन भएको रकम *आलखोप केराबारी सडक निर्माण तथा मर्मत, राक्सिराङ्ग ३* का लागि रु. ७,००,०००/- उपलब्ध गराउने गरी संसोधन गर्ने।

(ङ) चालु आ.व.मा सङ्घीय सरकारद्वारा हस्तान्तरित समपुरक अनुदान अन्तर्गतको *चैनपुर बाघमारा मैनटार सुनारीसौरा सानोभावर नेवारपानी सडक निर्माण योजना* को ठेकेदार पक्षबाट निर्माण कार्य सुरु नभएकाले उक्त योजनाका लागि गाउँपालिकाले व्यहोर्नु पर्ने रु.३०,००,०००/- रकमको कार्य उपभोक्ता समिति मार्फत संचालन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

(च) सडक मर्मत तथा सम्भार कार्यका लागि सडक बोर्ड नेपालबाट प्राप्त रु.१२,००,०००/- बजेट रकमबाट **बोटबारी परेवाभिर सडक खण्डको** मर्मत तथा सम्भार कार्यको लागि तयार गरिएको कार्ययोजना स्वीकृत गरी सम्बन्धित निकायमा अनुरोध गर्ने ।

निर्णय नं ८

खरको छानो तथा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत यस गाउँपालिका भित्रका सम्पूर्ण वडा हरुबाट प्राप्त आवेदन बमोजिम जम्मा ३०० घर धुरीका लागि आवश्यक बजेट व्यवस्था गर्न बागमती प्रदेश सरकार तथा सङ्घीय सरकार समक्ष अनुरोध गर्ने ।

निर्णय नं ९

नेपालको संबिधान अनुसार देशमा सङ्घीयता लागु भईसकेपछीको पहिलो गाउँ सरकारको रुपमा सम्पूर्ण राक्सिराङ्ग गाउँबासीहरुको सबै भन्दा नजिकको दैनिक जनजीवनमा सहयात्री बन्ने ऐतिहासिक अवसर प्रदान गर्नुहुने सम्पूर्ण राक्सिराङ्ग गाउँबासीहरु, राजनीतिक दल, सङ्घीय र प्रदेश सरकार, सङ्घीय सांसदज्यूहरु, प्रदेश सांसदज्यूहरु, गाउँ सभा सदस्यज्यूहरु, जिल्ला स्थित सम्पूर्ण सरकारी तथा सार्वजनिक निकायहरु, नियामक निकायहरु, सामाजिक तथा गैरसरकारी संघसंस्थाहरु, नागरिक समाज, कर्मचारी, संचारकर्मी लगायत सम्पूर्णमा सहयोग, सहकार्य तथा समन्वयको लागि गाउँ कार्यपालिकाको तर्फबाट हार्दिक आभार तथा धन्यवाद प्रकट गर्ने।

निर्णय नं १०

आसन्न स्थानीय तह निर्वाचन २०७८ को क्रममा गाउँपालिका क्षेत्र भित्र हुने राजनैतिक गतिविधिहरु मर्यादित तथा सभ्य रुपमा संचालन गर्न एवं निर्वाचन आयोगद्वारा जारी निर्देशन तथा आचारसंहिता पालना गर्न गराउन सम्बन्धित राजनीतिक दलहरुलाई आग्रह गर्ने साथै गाउँ कार्यपालिका कार्यालय, मातहतका वडा कार्यालयहरु, स्वास्थ्य संस्था, विद्यालय आदि परिसर भित्र कुनै पनि राजनैतिक सभा सम्मेलन, बैठक, गोष्ठी चुनाव प्रचारप्रसार जस्ता क्रियाकलापहरु नगर्न नगराउनहुन अनुरोध गर्ने।

उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावलाई सर्वसम्मत निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| (सुकमाया वि.क.)<br>कार्यपालिका सदस्य | (कर्ण कुमारी राउत)<br>कार्यपालिका सदस्य | (गौरीमाया स्याङ्तान)<br>कार्यपालिका सदस्य | (मैना कुमारी गोले)<br>कार्यपालिका सदस्य |

| | | | |
|---|---|---|---|
| (सिमोन वि.क.)<br>कार्यपालिका सदस्य | (कान्छाराम रुम्वा)<br>वडा अध्यक्ष | (सुर्य बहादुर मुक्तानी)<br>वडा अध्यक्ष | (बाबुलाल स्याङ्तान)<br>वडा अध्यक्ष |
| (संजय कोइराला)<br>वडा अध्यक्ष | (चन्द्र सिंह प्रजा)<br>वडा अध्यक्ष | (सिंगलाल प्रजा)<br>वडा अध्यक्ष | (कुल बहादुर प्रजा)<br>वडा अध्यक्ष |
| (रामकृष्ण प्रजा)<br>वडा अध्यक्ष | (राम कुमार वाल्वा थिङ)<br>वडा अध्यक्ष | (निर्मला हिम्डुङ)<br>उपाध्यक्ष | (राजकुमार मल्ल)<br>अध्यक्ष |